कार्यपालिका बैठक संङख्याः

बैठक मितिः २०८२।१२।२० गते

समयः ४ बजे

अध्यक्षताः श्री लालकेश जैशी

आर्थिक वर्षः २०८२।८३

आज मिति २०८२ साल चैत्र २० गतेका दिन यस ताजाँकोट गाउँपालिका अध्यक्ष श्री लालकेश जैशीको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा कार्यपालिकाको पूर्ण बैठक बसी देहायबमोजिमका निर्णय गरियो ।

उपस्थितः

| क स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | लालकेश जैसी | अध्यक्ष | [signature] |
| २ | सुरेन्द्र बहादुर थापा | उपाध्यक्ष | [signature] |
| ३ | मोहनलाल रिठाल | सदस्य | [signature] |
| ४ | अजविर खटिक | सदस्य | [signature] |
| ५ | राजेन्द्र बहादुर शाही | सदस्य | |
| ६ | राज बहादुर बोगटी | सदस्य | |
| ७ | मंगल नेपाली | सदस्य | [signature] |
| ८ | छमक खड्का | सदस्य | [signature] |
| ९ | नन्दविर चदरा | सदस्य | [signature] |
| १० | राजदेवि मल्ल | सदस्य | [signature] |
| ११ | आउसि नेपाली | सदस्य | |
| १२ | आपसरी कामी | सदस्य | [signature] |
| १३ | जगत सार्की | सदस्य | [signature] |
| १४ | नर रावत | सदस्य सचिव | |

निर्णय न. १ यस ताँजाकोट गाउँपालिका स्थित विभिन्न सामुदायिक विद्यालयमा आधारभुत तह कक्षा १-५ देखि माध्यमिक तह सम्ममा विद्यालयमा आवश्यकताको आधारमा दरवन्दि नभएको र उक्त शिक्षक दरवन्दिको अभावको कारणले विद्यालयको पठनपाठन अवरोध भएको हुनाले तपशिल बमोजिमको विद्यालयमा तपशिल बमोजिमको तह र विषयमा तपशिल बमोजिमको दरवन्दि आवश्यक हुनाले आ व २०८३।०८४ को गाउँपालिकावाट वजेटको व्यवस्थापन गर्ने र उक्त दरवन्दि अवको आउदो १९ औ गाउँ सभाँवाट अनुमोदन गर्ने गरी तपशिल बमोजिमको गाउँपालिका अनुदान शिक्षकहरुको दरवन्दि सिर्जना गरी गाउँपालिकाले आजको मितिवाट लागु हुने गरी गाउँपालिका अनुदान शिक्षकको रितपुर्वक विज्ञापन गरी पदपुर्ति गर्ने निर्णय गरियो ।

आवश्यक गाउँपालिका अनुदान शिक्षक विवरण

| क्र स | विद्यालयको नाम | माध्यमिक तह | | | | | आधारभुत तह ६-८ | | | | | आधारभुत तह कक्षा १-५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अङ्ग्रेजी | गणित | विज्ञान | नेपाली | सामाजिक | अङ्ग्रेजी | गणित | नेपाली | विज्ञान | सामाजिक | | |
| १ | श्री धर्मोदय माध्यमिक विद्यालय ताँजाकोट ३ हुम्ला | | | १ | १ | | | १ | | १ | | १ | ५ |
| २ | श्री मदनादेव माध्यमिक विद्यालय ताँजाकोट ५ हुम्ला | १ | | | | | | १ | | | १ | १ | ४ |
| ३ | श्री चन्द्रप्रकाश माध्यमिक विद्यालय ताँजाकोट ४ हुम्ला | | | | १ | १ | | | | | | | २ |
| ४ | श्री जनप्रकाश माध्यमिक विद्यालय ताँजाकोट १ हुम्ला | १ | | | १ | | | १ | १ | | | १ | ५ |
| ५ | श्री रामदेव आधारभुत विद्यालय ताँजाकोट ३ हुम्ला | | | | | | १ | १ | | | | १ | ३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | श्री क्षेत्रपाल आधारभुत विद्यालय ताँजाकोट २ हुम्ला | | | | | १ | १ | | | | | १ | ३ |
| ७ | श्री जनजागृति आधारभुत विद्यालय ताँजाकोट ५ हुम्ला | | | | | | | | | | | १ | १ |
| ८ | श्री वुद्धिविकास आधारभुत विद्यालय ताँजाकोट ४ हुम्ला | | | | | | | | | | | २ | २ |
| ९ | श्री कालिका आधारभुत विद्यालय ताँजाकोट ३ हुम्ला | | | | | | | | | | | १ | १ |
| १० | श्री जनक आधारभुत विद्यालय ताँजाकोट १ हुम्ला | | | | | | | | | | | १ | १ |
| ११ | श्री वानादेव आधारभुत विद्यालय ताँजाकोट ३ हुम्ला | | | | | | | | | | | १ | १ |
| १२ | श्री जगतमाला आधारभुत विद्यालय ताँजाकोट ३ हुम्ला | | | | | | | | | | | १ | १ |
| | | २ | ० | १ | ३ | १ | २ | ५ | १ | १ | १ | १२ | २९ |

निर्णय न. १ यस ताँजाकोट गाउँपालिका स्थित विभिन्न सामुदायिक विद्यालय र बालविकास केन्द्र तपशिल बमोजिमको बालविकास सहजकर्ताहरु ... हुनाले आ व २०८३।०८४ को गाउँपालिकावाट वजेटको व्यवस्थापन गर्ने र उक्त गाउँपालिका अनुदान बालविकास सहजकर्ताहरुको दरवन्दि अवको आउदो १९ औ गाउँ सभाँवाट अनुमोदन गर्ने गरी तपशिल बमोजिमको गाउँपालिका अनुदान बालविकास सहजकर्ताको दरवन्दि सिर्जना गरी गाउँपालिकाले आजको मितिवाट लागु हुने गरी गाउँपालिका अनुदान बालविकास सहजकर्ताहरुको रितपुर्वक विज्ञापन गरी पदपुर्ति गर्ने निर्णय गरियो।

आवश्यक गाउँपालिका अनुदान बालविकास सहजकर्ताहरुको विवरण

| क्र स | विद्यालयको नाम | आवश्यक संख्या |
|---|---|---|
| १ | श्री मष्टादेव बालविकास केन्द्र ताँजाकोट १ हुम्ला | १ |
| २ | श्री जोगिकैलाश बालविकास केन्द्र ताँजाकोट २ हुम्ला | १ |
| ३ | श्री मेहेलपानी बालविकास केन्द्र ताँजाकोट ३ हुम्ला | १ |
| ४ | श्री सिर्जनशिल बालविकास केन्द्र ताँजाकोट ३ हुम्ला | १ |
| ५ | श्री जनमुखि बालविकास केन्द्र ताँजाकोट ४ हुम्ला | १ |
| ६ | श्री चन्द्रप्रकाश माध्यमिक विद्यालय ताँजाकोट ४ हुम्ला | १ |
| ७ | श्री सेरी बालविकास केन्द्र ताँजाकोट ५ हुम्ला | १ |
| | जम्मा | ७ |

निर्णय न. ३ यस ताँजाकोट गाउँपालिका स्थित विभिन्न सामुदायिक विद्यालयलाई मिति २०८०।१।२ गतेका दिन समायोजन गरी कार्यान्वयन भएतापनि यस ताँजाकोट गाउँपालिका वडा न ३ स्थित श्री जगतमाला आधारभुतको भोगोलिक दुरी र विधार्थी संख्याको आधारमा र यस ताँजाकोट गाउँपालिका वडा १ स्थित श्री मष्टादेव बालविकास केन्द्र र खापरदेव बालविकास केन्द्र समायोजन गरी उपयुक्त स्थानमा एउटै बालविकास केन्द्र सञ्चालन गर्ने र ताँजाकोट गाउँपालिका वडा न ४ स्थित श्री जनमुखि बालविकास केन्द्रले कक्षा १ सञ्चालनको लागि रितपुर्वक आवश्यक कागजातहरु पेश गरेको र भोगोलिक दुरी र विधार्थी संख्याका आधारमा शैक्षिक सत्र २०८३ देखि कक्षा १ सञ्चालनको लागि अनुमति दिन आवश्यक भएको हुनाले उक्त श्री जगतमाला बालविकास केन्द्र मष्टादेव बालविकास केन्द्र र श्री जनमुखि बालविकास केन्द्रलाइ शैक्षिक सत्र २०८३ वाट कक्षा १ सञ्चालन गर्ने अनुमति दिने निर्णय गरियो।

निर्णय न. ४ यस ताँजाकोट गाउँपालिका सामाजिक विकास समितिले पेश गरेका तपशिल बमोजिमका कार्यविधि स्विकृत गरियो ।

१ **"शिक्षक दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८२"**

२ **"विपन्न तथा जेहेन्दार विधार्थीको लागि छात्रवृत्ति सहयोग कार्यविधि, २०८२"**

निर्णय न. ५ यस ताँजाकोट गाउँपालिकामा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश भएको गाउँ शिक्षा योजना निर्माणको लागि अगामि आव २०८३।०८४ वाट आवश्यक रु ५ लाख वजेटको व्यवस्थापन गर्ने गरी यसै वैशाख १ गतेवाट गाउँ शिक्षा योजना निर्माणको काम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय न. ६ यस ताँजाकोट गाउँपालिकाको क्षेत्रफल भोगोलिक परिवेश धार्मिक साँस्कृतिक ऐतिहासिक तथा वर्तमान जनप्रतिनिधि निर्वाचित भएपश्चात विकास र सुशासनको सन्दर्भमा अभिलेखिकरणको लागि गाउँपालिकाको वृतचित्र निर्माणको लागि आवश्यक पर्ने रु ४ लाख वजेटको विनियोजन गरी कार्य अगाडी वढाउने निर्णय गरियो ।